# साईलो पिट निर्माण सम्बन्धी कार्यविधि, २०७५

प्रस्तावना :

पशुपालन क्षेत्रको व्यबसायिकरणको लागि पशु आहाराको बिकास हुनु जरुरी छ । प्रदेश न. २ मा दुध र मासुको बढ्दो मागलाई सापेक्षिक रुपमा परिपूर्ति गर्न उन्नत घाँस खेतीलाई प्राथमिकता दिदै बैकल्पिक पशु आहाराको पनि व्यबस्था हुनु जरुरी छ । प्रदेश न. २ दुध उत्पादनको एकदमै राम्रो सम्भावना भएको क्षेत्र हो र यस प्रदेशमा दुध उत्पादनमा बृद्धि गर्नु पर्ने आबश्यकतासंगै दुधको उत्पादन लागत घटाउने कार्य पनि प्रमुख चुनौतिको रुपमा रहेको देखिन्छ । खास गरि प्रदेश न. २ मा हिउंद महिनामा पशु आहारको अभाव देखिएको हुंदा यसको प्रत्यक्ष असर दुध उत्पादनमा पनि परेको पाईन्छ । यसै तथ्यलाई मध्यनजर गर्दै वर्षायाममा उत्पादन भएको हरियो घाँसलाई साइलेज बनाई संरक्षण गर्न साइलो पिट निर्माण सम्बन्धि प्रदेश सरकारको कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्न प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

१) प्रारम्भिक :

क) संक्षिप्त नाम र प्रारम्भ :

१. यो कार्यविधिको नाम "साइलो पिट निर्माण सम्बन्धि कार्यविधि , २०७५" रहेको छ

२. यो कार्यविधि प्रदेश सरकार, मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ

३. परिभाषाः विषय वा प्रसंगले अर्को अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

४. "मन्त्रालय" भन्नाले भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ

५. "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्दछ

६. "विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ

७. "कार्यदल" भन्नाले पशु विकास कार्यदल सम्झनु पर्दछ

८. "कार्यविधि" भन्नाले "साइलो पिट निर्माण सम्बन्धि कार्यविधि, २०७५" सम्झनु पर्दछ

३) उदेश्य :

क) पशु आहाराको अभाव हुने समयमा पशु आहाराको उपलब्धता गराई पशु उत्पादकत्वमा बृद्धि गर्ने ।

ख) पशु उत्पादनमा लाग्ने खर्च कम गर्ने ।

ग) प्रदेश सरकारको साइलो पिट निर्माण गर्ने नीति तथा कार्यक्रमलाई सहज, सरल, मितव्ययी, पारदर्शी रुपले संचालन गर्न ।

४) कार्यत्रक्रम संचालन हुने जिल्लाहरु : प्रदेश न. २ को ८ वटै जिल्लाहरु

५) कार्यक्रम संचालन गर्दा अपनाउनु पर्ने कार्यविधि :

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुले निम्न बमोजिमको मापदण्डको आधारमा कृषक समुह/समिति/सहकारी/ व्यबसायिक फार्म छनौट गरी कार्यक्रम संचालन गर्नु पर्नेछ :

क) कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्म बिधिबत रुपमा सम्बन्धित निकायमा वा कार्यालयमा दर्ता भएको।

ख) कृषक समुहको हकमा कम्तीमा ५ (पांच) जना सदस्य भएको ।

ग) पशुपालन व्यबसायमा व्यवसायन्मुख भएका कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्महरुलाई प्राथमिकता दिईने ।

घ) कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्मले अनिवार्य रुपमा सो साँईलो पिटमा आवश्यक पर्ने घांस लगाएको उल्लेखित विवरण सहित स्थानीय तहको पशु सेवा शाखाको सिफारिस ।

ङ) कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्मले पशु विमा गरेको ।

६) **छनौटको प्रक्रिया :**

क) सांईलोपिट निर्माण कार्यक्रम संचालनको लागि सम्बन्धित कार्यालयले कृषक/समुह समिति/ सहकारी/व्यबसायिक फार्महरुलाई दरखास्तको लागि अनुसूचि-१ बमोजिम सुचना आव्हान गर्नेछ ।

ख) अनुसूचि-२ बमोजिम पर्न आएका निबेदनहरुको छनौटका लागि सम्बन्धित कार्यालयले अलग अलग मूल्यांकनका आधारहरु तयार गरी अलग अलग मूल्यांकन गरेर कार्यदलबाट अनुमोदन गराउनु पर्नेछ ।

ग) यसरी छनौट भएका कृषक समुह/समिति/सहकारी/व्यबसायिक फार्महरुसंग अनुसुची-३ अनुसार सम्झौता गरिनेछ।

घ) छनौट भएका कृषक समुह/समिति/सहकारी/व्यबसायिक फार्महरुले राष्ट्रिय चरन तथा पशु आहारा केन्दले बिभिन्न भौगोलिक क्षेत्र -उच्च पहाड/मध्य पहाड/तराई अनुसार तयार पारेको ढाँचा तथा लागत इष्टिमेट अनुसार साईलोपिट निर्माण गर्नुपर्नेछ ।

ङ) एउटा कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्मलाई एक आर्थिक बर्षमा एउटा साईलोपिट निर्माण कार्यको लागि मात्र अनुदान रकम उपलब्ध गराईनेछ ।

च) ७० प्रतिशत अनुदानमा कम्तिमा १००० घन फिटको बढीमा २००० घन फिटको साईलोपिट निर्माण गरिनेछ । लागत रकमको ७० प्रतिशत रकम अनुदान दिने ।

छ) साईलोपिट निर्माण कार्यक्रम संचालन तथा स्थापनाको लागि प्रदेश सरकारबाट प्राप्त अनुदान बिबरणलाई सम्बन्धित सबै निकायले सार्बजनिकीकरण गर्नु पर्नेछ ।

७) **कार्यक्रममा संलग्न निकायहरु र तिनको जिम्मेवारी :**

७.१ **कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्मको जिम्मेवारी :**

क) कृषक/समुह/समिति/सहकारी/व्यबसायिक फार्महरुले राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रले तोकेको मापदण्ड अनुसार सम्बन्धित विज्ञ केन्द्रको समन्वयमा साईलो पिट निर्माण गरि साईलेज बनाउने ।

ख) समुह/समितिको आचार संहिता बनाई सम्बन्धित विज्ञ केन्द्रमा दर्ता तथा नबिकरण गराउने ।

ग) बाह्रै महिना हरियो घांस खेती गरी व्यबसायिक रुपमा पशुपालन गर्ने, साईलो पिट निर्माण तथा साईलेज बनाउने कार्य गर्ने र सोबाट निर्देशनालयमा परेको प्रभाव सम्बन्धि अनुगमन तथा मुल्यांकनमा सहयोग गर्ने ।

घ) समुह/समितिको बैठक प्रत्येक महिनाको एक पटक बस्ने ।

ङ) कार्यबिधिले तोके अनुसार अन्य सबै कार्य गर्ने ।

७.२ **सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको जिम्मेवारी :**

क) आफ्नो कार्य क्षेत्र भित्र कुन कुन किसिमको घांस लगाई उत्पादन वृद्धि गर्न सकिन्छ सोही अनुसार कृषक/समुह/समिति/सहकारी/व्यवसायिक फार्म पहिचान गरि साईलो पिट निर्माणको लागी कृषक छनौट गरि कार्यालयमा सिफारिस गर्ने ।

ख) आफ्नो कार्यक्षेत्रको मातहतमा रहेका कृषक समुह/समिति/सहकारी/व्यवसायिक फार्मले संचालन तथा निर्माण गरेका साइलो पिट नियमित निरीक्षण, अनुगमन तथा आबश्यक प्राबिधिक सेवा उपलब्ध गराउने ।

ग) साईलो पिट निर्माण तथा संचालन सम्बन्धि कुनै समस्या तथा सल्लाह सुझाब सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई दिने ।

घ) कृषक समुह/समिति/सहकारी/व्यवसायिक फार्मबाट मासिक प्रगति संकलन गरी विज्ञ केन्द्रमा मासिक प्रगति प्रतिबेदन पठाउने ।

७.३ **भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको जिम्मेवारी :**

क) लक्षित वर्गको आवश्यकता र मागलाई ध्यानमा राखी आवश्यक कार्यक्रम योजना तर्जुमा एवं कार्यान्वयन गर्ने।

डा. बंशी शर्मा

ख) कार्यक्षत्र भित्र सम्भाव्य पशु पालक कृषक/समूह/समिति/सहकारी/व्यवसायिक फार्महरुको सूचि तयार गरि अभिलेख राखे ।

७.४ पशुपन्छी तथा मत्स्य विकास निर्देशेशनालय को जिम्मेवारी :

क) कार्यक्रम सफलता पुर्वक सम्पन्न गर्न विज्ञ केन्द्रहरुलाई आवश्यक निर्देशन दिने ।

ख) संचालित साईलोपिट निर्माण कार्यक्रमको निरीक्षण अनुगमन गरी सो को प्रतिबेदन चौमासिक रुपमा आवश्यक सुझाब सहित भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा पठाउने ।

ख) साईलोपिट निर्माणको लागि बिभिन्न भौगोलिक क्षेत्र अनुसार ढाँचा र लागत अनुमान तयार पार्ने ।

घ) कार्यक्रमको नियमन, अनुगमन तथा मुल्यांकनको व्यबस्था मिलाउने र सो को प्रतिबेदन सम्बन्धित निकायमा पठाउने ।

ङ) आबश्यकता अनुसार कार्यालयलाई प्राबिधिक परामर्श तथा अन्य सल्लाह सुझाब दिने ।

८) साईलो पिट निर्माण कार्यविधि कार्यन्वयनको लागि प्रस्तावित आर्थिक नर्मस्

| क.स | कार्यक्रम | एकाई | परिणाम | दर रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | साईलो पिट निर्माण १००० घन फिट देखि २००० घन फिट सम्मको | संख्या | ५० | २,५०,००० | १,२५,००,००० | |
| | जम्मा | | | | १,२५,००,००० | |

९) आर्थिक प्रशासन सेवा :

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोवार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५; आर्थिक कार्यविधि नियमावली, २०६४; सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

१०) अनुगमन, मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्था :

यस कार्यक्रमको अनुगमन मन्त्रलय, निर्देशनालय र विज्ञ केन्द्र र अन्य सम्बन्धित निकायहरुले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति निर्देशनालय मार्फत मन्त्रलायमा पठाउनु पर्ने छ ।

११) थपघट वा हेरफेर गर्न सक्ने :

१. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

२. यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि मन्त्रालयले आवश्यकता अनुसार व्यख्या गर्न सक्नेछ ।

डा. बंशी शर्मा

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २ जनकपुरधाम, धनुषा

अनुसूची १

साइलो पिट ननिर्माणको लागि सुचनाको ढाँचा

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय/भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ............. को आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अनुसार सहकार्य/साझेदारीमा साइलो पिट निर्माण गर्न इच्छुक कृषक समुह/सहकारी/व्यवसायिक फार्महरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र तोकिए बमोजिमको ढाँचामा सम्बन्धित विज्ञ केन्द्रमा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश न.२
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, प्रदेश न.२
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ....

डा. बंशी शर्मा
सचिव

अनुसूची २
दरखास्त/आबेदेदन फारमको ढांचा

श्री प्रमुख ज्यू,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र .....

मिति:

विषयः सहकार्य/साझेदारीमा साइलो पिट निर्माण कार्यमा सहभागि हुन पाउँ ।

महोदय,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र .......... बाट मिति ........... मा प्रकाशित सूचना अनुसार म/हामीलाई सहकार्य/साझेदारीमा साइलो पिट निर्माण गर्न इच्छा भएकोले उक्त कार्यमा सहभागी हुन पाउँ भनि निम्न विवरण खोली यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

१. कृषक/समुह/समिति/व्यवसायिक फार्मको नाम :
२. कृषक/अध्यक्षको नाम :
३. ठेगाना :
क) जिल्ला : ख)गा.पा./न.पा. : ग) वडा नं. :
४. लगाईएको घांसको किसिम :
५. घाँस लगाईएको क्षेत्रफल :
६. लाभान्वीत घरधुरी :
७. पशु बिमा बिवरण :
८. बार्षिक कारोबार :
९. पशुको संख्या :
१०. पशुको किसिम :
११. सम्बन्धित बिषयमा तालिम लिएको/नलिएको :
१२.सम्बन्धित स्थानीय तहको पशु सेवा शाखाको सिफारीस :
१३. सर्म्पक ब्यक्तिको नाम :
१४. सर्म्पक नम्बर :
१५. दस्तखत :

डा. बंशी शर्मा
सचिव

## अनुसूची ३

## कृषक/समुह/समिति/सहकारी/ ब्यबसायिक फार्महरुसंगको सम्झौता पत्र

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ........... तथा ....................................... बीच साईलो पिट निर्माणको लागि भएको द्बिपक्षिय सम्झौता भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, .......... को बार्षिक कार्यक्रम अनुसार साईलो पिट निर्माण कार्यक्रम संचालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ........... (यसपछि प्रथम पक्ष भनिने) र श्री ................................................(यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाहरु मञ्जुर भई द्बिपक्षिय सम्झौता सम्पन्न भयो ।

तपशिल

१) प्रस्तावित साईलो पिट निर्माण .................... जिल्ला .................गा.पा./न.पा. ......... वडा न. मा मिति .................. सम्ममा सम्पन्न गरिनेछ ।

२) प्रथम पक्षले साईलो पिट निर्माणको लागि दोश्रो पक्षलाई बढीमा रु.....................(अक्षरेपी ...........................................) बराबरको आर्थिक सहयोग वा सामाग्री प्रदान गर्नेछ । र कम्तिमा ३० प्रतिशत रकम बराबरको योगदान दोस्रो पक्षको हुनेछ । साथै अन्य नपुग रकमको व्यवस्था पनि दोस्रो पक्षले गर्नुपर्नेछ ।

३) दोश्रो पक्षले साईलो पिट निर्माणको लागि गरिने सम्पूर्ण कार्यहरु गरी बिल भरपाईहरु तथा कार्य प्रगति तिबेदन बुझाए पश्चात प्रथम पक्षले स्थलगत अनुगमन गरि मनासिब ठहरेमा मात्र सम्झौता मुताबिकको रकम दोश्रो पक्षलाई भुक्तानी दिनेछ । सम्बन्धित निकायबाट भुक्तानी हुंदा सुरुमा एक र त्यसपछि कार्य प्रगतिका आधारमा दोश्रो गरी बढिमा किस्ता सम्ममा गरिनेछ ।

४) दोश्रो पक्षले कम्तीमा १५ कट्टा र २००० घन फिटको पिटका लागि क्षेत्रफलमा बिभिन्न उन्नत घाँस खेती गरेको हुनुपर्ने छ ।

५) सम्झौता मुताबिक कार्य नभएमा वा उपलब्ध श्रोत साधनको दुरुपयोग भएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरि दोश्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

६) सम्झौतामा उल्लेख हुन छुटेका विषयहरुको हकमा प्रचलित नियम, कानुन र दुबै पक्षको आपसी सहमति अनुसार हुनेछ।

| दोश्रेश्रो पक्षको तर्फबाट हस्ताक्षर | प्रथम पक्षको तर्फबाट |
|---|---|
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |
| साक्षी | साक्षी |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम | नाम |
| पद | पद |
| कार्यालय | कार्यालय |

इति सम्बत.............................साल........... ..महिना.........गते रोज........शुभम् ।

डा. बंशी शर्मा
सचिव